# त्रिभुवन विश्वविद्यालय

## व्यवस्थापन संकाय
## परीक्षा नियन्त्रण महाशाखा

डीनको कार्यालय
कीर्तिपुर, काठमाडौं, नेपाल ।

टेलिफोन : ०१-४३३०८१८, ०१-४३३२७१८, ०१-५९०७९२७ (Exam)
फ्याक्स : ९७७-०१-५१९५४२१
E-mail : fomdean@gmail.com
: exam.mgmt.tu@gmail.com
Website : www.fomecd.edu.np
www.tudoms.org

मिति:- २०८० । १० । ०९

**स्नातकोत्तर तहको दोश्रोसत्र नियमित परीक्षा - २०२४ को फाराम भर्ने सूचना**

त्रि. वि. व्यवस्थापन संकाय अन्तर्गत संचालित स्नातकोत्तर तहका Master of Business Administration in Finance (MBA-F), Master of Business Administration in Corporate Leadership (MBA-CL), Master of Business Administration in Marketing (MBA-M), Master of Business Management (MBM), Master of Hospitality Management (MHM), Master of Adventure Tourism Studies (MATS) र Master of Travel and Tourism Management (MTTM) कार्यक्रमका दोश्रोसत्रको नियमित परीक्षा आगामी **२०८० फाल्गुण तेश्रो सातादेखि** सञ्चालन हुने भएकोले सम्वन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

उल्लेखित कार्यक्रमका दोश्रोसत्रको नियमित परीक्षामा सम्मिलित हुन चाहने परीक्षार्थीहरुले परीक्षा फाराम भरि सम्बन्धित क्याम्पस / कलेज / विभागमा मिति २०८० । १० । २६ गतेभित्र र सम्बन्धित क्याम्पस / कलेजहरुले उक्त परीक्षा फारम मिति २०८० । १० । २९ गते भित्र यस डीन कार्यालयको परीक्षा नियन्त्रण महाशाखामा अनिवार्यरुपमा आवश्यक शुल्क सहित बुझाई सक्नुपर्नेछ ।

**तपशिल (त्रि. वि. सेवा शुल्क बाहेकका शुल्क)**

**नियमित परीक्षा शूल्क:** प्रति विद्यार्थी प्रति सत्र : रु ३०००।-

**आंशिक परीक्षा शूल्क:** प्रति विद्यार्थी प्रति विषय : रु ६००।-

**परीक्षा केन्द्र शूल्क:** प्रति विद्यार्थी प्रति सत्र : रु ४५०।-

**परीक्षा फाराम शूल्क:** प्रति विद्यार्थी प्रति सत्र : रु ५०।-

**विलम्ब शूल्क :** मिति २०८० । १० । २७ देखि २ दिन सम्म प्रति विद्यार्थी प्रतिसत्र रु ५००।-, दोश्रो २ दिन सम्म प्रति विद्यार्थी प्रतिसत्र रु १,०००।- र त्यसपछिको २ दिनसम्म अन्तिमपटक प्रति विद्यार्थी प्रतिसत्र रु २,५००।- रहेको छ ।

म्यादनाघी वा रीत नपुगी प्राप्त फाराम उपर कुनै कारवाही हुने छैन साथै उक्त परीक्षाको विस्तृत परीक्षा तालिका पछि प्रकाशित गरिने छ ।

**नोट:** (क) *नियमित परीक्षाहरुको हकमा प्रथमसत्रको Result Ledger / Grade Sheet / Admit Card को प्रतिलिपी र आंशिक परीक्षार्थीहरुको हकमा दोश्रोसत्रको नियमित परीक्षाको लब्धाङ्कपत्रको प्रतिलिपी अनिवार्य रुपमा फाराम संगै संलग्न गरी पठाउनुपर्ने र अन्यथा उक्त परीक्षार्थीको परीक्षा फाराम स्विकृत गरीने छैन ।*

(ख) *परीक्षा फाराममा विषय सच्चाईएको पाईएमा सो परीक्षाफारम रद्द गरिनेछ र सोको जिम्मेवारी स्वयम् विद्यार्थी हुनेछ ।*

(ग) *परीक्षार्थीहरुको आन्तरिक मुल्याङ्कन संकायको **Website** मा उपलब्ध नमुना बमोजिमको समष्टिगत विवरण परीक्षा फाराम संगै संलग्न गरि सो प्राप्ताङ्क परीक्षा फर्ममा समेत उल्लेख गर्नु का साथै यस संकायको email id: mgmtdean.exam@gmail.com मार्फत पठाउनुपर्नेछ । **आन्तरिक मुल्याङ्कन उल्लेख नभएका परीक्षा फाराम स्विकृत गरीने छैन ।***

(घ) *परीक्षाशुल्क व्यवस्थापन संकाय, त्रि. वि. कीर्तिपुरको नेपाल बैंक लिमिटेड, कीर्तिपुर शाखाको च.हि.नं. ०४५-००१-०००९९०६६००००००१ मा जम्मा गरी सोको सक्कल भैचर परीक्षा फाराम संगै संलग्न हुनुपर्नेछ ।*

डा. श्रीकृष्ण खरेल
सहायक डीन